नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
फोन नं. ०१४२६५९०८
बबरमहल,
काठमाडौं, नेपाल

मितिः २०८३/०६/२२
ने.सं.: ११४६

## अत्यन्त जरुरी सूचना !!!

गृह मन्त्रालय (स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा) को च.नं. ८९१ मिति २०७६/०२/०१ गतेको पत्र बमोजिम नेपाल राज्यभर रहेका संघ संस्था, मठ, मन्दिर लगायतका नाममा रहेको जग्गा तथा अचल सम्पतिको बिक्री वितरण गर्न रोकिएको व्यहोरा अवगत नै छ। यसरी बिक्री वितरण रोक्का राखिए पश्चात आफ्नो नाममा रहेको जग्गा केही संघ संस्था, मठ, मन्दिर लगायतले विना प्रतिस्पर्धा सस्तो मुल्यमा संस्थाको उदेश्य बिपरित विभिन्न व्यक्ति, फर्म, कम्पनी वा अन्य संस्थालाई लिजमा वा भाडामा लगाइ संस्था दर्ता ऐन, २०३४ को प्रस्तावना र उदेश्य विपरित कार्य भएको भन्ने गुनासोहरु प्राप्त भएकाले अब उप्रान्त संघ संस्था, मठ, मन्दिर लगायतले आफ्नो नाममा रहेको जग्गा लिजमा वा भाडामा लगाउनु पूर्व यस कार्यालयको पूर्व स्वीकृति लिएर मात्र सो कार्य गर्नु हुन यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइएको छ।

यस सम्बन्धमा केही संस्थाहरुले आफ्नो नामको जग्गा, जमिन, घर, भवन, संरचना भाडामा लगाउँदा अनियमितता भएको भनी गुनासो प्राप्त भएकोमा यस कार्यालयवाट छानविन समेत भइरहेको व्यहोरा जानकारी गराइएको छ।

..........................
(ईश्वर राज पौडेल)
प्रमुख जिल्ला अधिकारी